# स्थानीय राजपत्र

खण्ड १) गोल्जुङबेशी रसुवा मिति २०८१।१२।२७ (संख्या २२)

## भाग-२

## आमाछोदिङमो गाउँपालिकाको सूचना

नेपालको संविधान बमोजिम आमाछोदिङमो गाउँपालिकाले **आमाछोदिङमो गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०८१** बनाई सर्वसाधारण जनताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

CS CamScanner

# आमाछोदिङमो गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०८१

**प्रस्तावना :** आमाछोदिङमो गाउँपालिकाभित्र, खासगरी स्वास्थ्य सेवाका पहुँचबाट टाढा रहेको बासिन्दालाई स्वास्थ्य सेवामा सर्व सुलभ पहुँच पुर्याउनका लागि एम्बुलेन्स सेवा सञ्चालनलाई पारदर्शी, सरल, भरपर्दो र पहुँच वढाई स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गर्न वान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२), र आमाछोदिङमो गाउँपालिकाको प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ को अधिकार प्रयोग गरी आमाछोदिङमो गाउँ कार्यपालिकाले यो निर्देशिका जारी गरेको छ ।

## परिच्छेद- १

**१. संक्षिप्त नाम र प्रारम्भ :** क। यो निर्देशिकाको नाम "एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका २०८१" रहने छ ।

ख) यो निर्देशिका गाउँकार्यपालिकाले स्वीकृत गरेको मितिबाट लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रशंगले अर्को अर्थ लागेमा यस निर्देशिकामा,

क) "एम्बुलेन्स" भन्नाले विरामी ओसार्ने स्वीकृत प्राप्त गरेको वाहन सम्झनु पर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण, चालक र परिचारिका समेतलाई जनाउँछ ।

ख) "एम्बुलेन्स जनशक्ति" भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्छ ।

आमाछोदिङमो स्थानीय राजपत्र

CamScanner

ग) "चालक" भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ ।

घ) "गाउँपालिका" भन्नाले आमाछोदिङमो गाउँपालिकालाई सम्झनु पर्छ ।

ङ) "सेवा शुल्क" भन्नाले एम्बुलेन्स प्रयोग गरेवापत सेवाग्राहीले बुझाउनु पर्ने गरी समितिले तोकेको शुल्क सम्झनु पर्छ ।

च) "सेवा" भन्नाले एम्बुलेन्सले विरामीलाई दिने सम्पूर्ण सेवा सम्झनु पर्छ ।

**३. एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समितिः** एम्बुलेन्स सेवा सञ्चालनमा व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न देहायका पदाधिकारीहरु रहेको एक गाउँ एम्बुलेन्स व्यवस्थापन तथा अनुगमन समिति रहनेछ ।

क. गाउँपालिका अध्यक्षः संयोजक

ख. प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेकोअधिकृत स्तरको कर्मचारीः सदस्य

ग. एम्बुलेन्स रहेको सम्बन्धित वडाको वडाध्यक्षः सदस्य

घ. कार्यपालिकाका सदस्यहरु मध्ये महिला, दलित वा अल्पसंख्यक समेतको प्रतिनिधत्व हुने गरी कार्यपालिकाले चयन गरेको २ जना सदस्यः सदस्य

**४. एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समितिः** १) गाउँपालिकाले खरिद गरी आफैले सञ्चालन गर्ने हकमा देहायको एक एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ ।

आमाछोदिङमो स्थानीय राजपत्र

CamScanner

क) गाउँपालिकाको सामाजिक विकास समितिको संयोजक : संयोजक

ख) स्वास्थ्य संयोजक सदस्य

ग) शिक्षा शाखा प्रमुख सदस्य

घ) महिला, बालबालिका तथा जेष्ठ नागरिक इकाई प्रमुख सदस्य

ङ) आर्थिक प्रशासन शाखा प्रमुख सदस्य सचिव

२) गाउँपालिका आफैले खरिद गरी वा गाउँपालिकाको अनुदानमा खरिद भएको एम्बुलेन्स उपदफा (१) बमोजिम गाउँपालिका आफैले सञ्चालन नगरी कुनै संघसंस्थालाई हस्तान्तिरण गरेमा सोको सञ्चालन सोही संस्थाको व्यवस्थापन कार्य समितिले सञ्चालन तथा व्यवस्थापन समितिको कार्य गर्नेछ ।

३) उपदफा (२) बमोजिम कुनै संघसंस्थालाई हस्तान्तरण भएमा सो संस्थासंग गाउँपालिकाले आवश्यक सम्झौता गरी हस्तान्तरण गर्नेछ ।

४) उपदफा (१) वा (२) बमोजिमको सञ्चालन तथा व्यवस्थापन समितिको कुल सदस्य संख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक संख्या पुगेका मानिनेछ ।

५) समितिको वैठक आवश्यकता अनुसार वस्नेछ। समितिको बैठक भत्ता गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

६) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**५. समितिको काम कर्तव्य र अधिकार :**

आमाछोदिङमो स्थानीय राजपत्र

CS CamScanner

१) समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे, नगरेको अनुगमन गर्ने ।

ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागु गराउने । यस निर्देशिका अनुसारका आचारसंहिता पालना नगर्ने चालकलाई चेतावनी दिई आचारसंहिता पालना गर्न लगाउने । बारम्बार आचरण उलंघन गरेमा आवश्यकता अनुसार करार सम्झौता रद्ध गर्ने ।

ग) एम्बुलेन्स सेवाका वारेमा कुनै गुनासो तथा उजुरी आएमा सो को सुनुवाई तथा व्यवस्थापन गर्ने ।

घ) जिल्लास्तरमा एम्बुलेन्स सम्बन्धी दररेट निर्धारण गर्ने निकायको सिफारीस बमोजिम आवश्यकता अनुसार परिमार्जन गर्ने ।

ङ) सरोकारवाला तथा अन्य संघहरु विच आवश्यकता अनुसार एम्बुलेन्स सेवा वारे समिक्षा बैठक गर्ने ।

च। गाउँपालिकाका विशिष्टतालाई ध्यानमा राखी एम्बुलेन्स सेवा सञ्चालनका लागि आवश्यक थप मापदण्ड बनाउने छ। चालककले अनुसुची १ बमोजिम सेवा शुल्क लिई बैंकमा दाखिला गरे नगरेको समय समयमा निरीक्षण गर्ने ।

२. समितिको सदस्य सचिवले सेवा प्रवाह स्थितिका अद्यावधिक विवरण प्रत्येक वर्षका जेष्ठ मसान्तमा गाउँकार्यपालिकामा पेश गर्नु पर्नेछ ।

आम्गाछी डिस्मो स्थानीय राजपत्र

CamScanner

३. आमाछोदिङमो गाउँपालिका अन्तर्गत वसोबास गर्ने सेवाग्राही, गाउँकार्यपालिकामा कार्यरत कर्मचारीहरुलाई विशेष छुट दिने नदिने निर्णय गर्नेछ ।

**६. सेवा शुल्क सम्बन्धी व्यवस्था :**

१. एम्बुलेन्स सेवा प्रयोग गरेवापत सम्बन्धित सेवाग्राहीले अनुसुची १ मा उल्लेख भए अनुसारको रकम सेवा शुल्कका रुपमा बुझाउनु पर्नेछ ।

२. एम्बुलेन्स सेवा वापत उठेका रकम दफा ३ को उपदफा (१) बमोजिम सञ्चालन हुने भएमा गाउँपालिकाले र उपदफा
(२) बमोजिम सञ्चालन हुने भएमा जुन संस्थालाई हस्तान्तरण गरिएको हो सोही संस्थाले एक अलग बैंक खाता कोष खडा गरी त्यसमा जम्मा गर्नेछ ।

३. सेवा दिए वापत लिइने सेवा शुल्क नगदी रसिद काटी बैंक खातामा जम्मा गर्ने जिम्मेवारी सम्बन्धित चालकको हुनेछ ।

४. सो कोषको सञ्चालन, सञ्चालन तथा व्यवस्थापन समितिको निर्णयानुसार हुनेछ । कोषको रकम सामान्यतया चालकको तलब भत्ता, इन्धन, एम्बुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा रहने अति आवश्यक सामग्री लगायतको खरिदमा खर्च गरिनेछ ।

**७. चालकको नियुक्ति र सेवा सुविधा :**

१. एम्बुलेन्स सेवा सञ्चालनका लागि गाउँकार्यपालिकाले एक जना योग्य चालक सेवा करारमा नियुत्ती गर्नेछ ।

आमाछोदिङमो स्थानीय राजपत्र

CamScanner

२. चालकको पारिश्रमिक सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

३. चालकको रु पाँच लाख सम्मको दुर्घटना बीमा गरिनेछ । बीमाका प्रिमियम वापतको रकम यसै निर्देशिका वमोजिमको कोषवाट बेहोरिनेछ ।

४. चालकले पालना गर्नुपर्ने आचार संहिता अनुसुची २ बमोजिम हुनेछ ।

५. एम्बुलेन्स सेवा सुचारु हुँदा चालकलाई भत्ता वापत धुन्चे, त्रिशुली, तथा काठमाण्डौमा जाँदा प्रतिटिप रु ....। ( अक्षरुपी.........................) र अन्य क्षेत्रको हकमा सो रकममा नघट्ने गरी समितिको निर्णय बमोजिम कोषवाट उपलब्ध हुनेछ ।

६. चालकलाई संचालक समितिको निर्णयले थप अन्य सुविधा उपलब्ध गराउन सक्नेछ ।

**८. एम्बुलेन्स सञ्चालन कोष :**

१. एम्बुलेन्सको नियमित मर्मत सम्भार तथा कर्मचारीको तलब भत्ताको व्यवस्था गरि एम्बुलेन्सको नियमित सञ्चालनलाई सुनिश्चित गर्न छुट्टै एक एम्बुलेन्स सञ्चालन कोष खडा गरिनेछ ।

२. उपदफा (१) बमोजिम खडा गरिने एम्बुलेन्स सञ्चालन कोषमा देहाय बमोजिमको रकम समेत जम्मा गरिनेछ ।

क. सेवा उपभोग गर्ने व्यक्ति वा संघसंस्थाबाट प्राप्त सेवा शुल्क वापतको रकम,

ख. भाडामा प्रयोग गर्न दिएको अवस्थामा भाडा वापत प्राप्त रकम,

आमाछोदिङमो स्थानीय राजपत्र

CS CamScanner

ग. नेपाल सरकार, प्रदेश सरकार वा नगरपालिकाबाट एम्बुलेन्स सञ्चालनका लागि प्राप्त रकम,

घ. अन्य दातृ निकायवाट प्राप्त अन्य कुनै अनुदान तथा सहयोग रकम आदी ।

**९. कोषको सञ्चालन र उपयोगः**

१. एम्बुलेन्स सञ्चालन कोषको सञ्चालन प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ ।

२. एम्बुलेन्स सञ्चालन कोषमा जम्मा भएको रकम एम्बुलेन्सको मर्मत सम्भार कर्मचारीहरुको तलव भत्ता तथा सन्चालक समितिको बैठक भत्ताका लागि खर्च गरिनेछ ।

**१०. लेखा र लेखा परिक्षण :**

१. एम्बुलेन्स सञ्चालन कोषको आम्दानी र खर्चको लेखा आर्थिक प्रशासन ऐन तथा नियामावली अनुरुप राखिनेछ ।

२. एम्बुलेन्स सञ्चालन कोषको आम्दानी र खर्च हिसाव महालेखा परिक्षकको कार्यालयवाट खटिने लेखापरिक्षणबाट सालवसाली रुपमा लेखापरिक्षण गराईनेछ ।

**११. विबादको समाधान :**

१. एम्बुलेन्स सञ्चालन गरि सेवा प्रदान गर्ने सन्दर्भमा कुनै विवाद उत्पन्न भएमा एम्बुलेन्स सन्चालक समितिले सम्बन्धित पक्षहरुसंग छलफल गरि समाधान गर्नेछ ।

आमाछोडिङमो स्थानीय राजपत्र

CamScanner

२. एम्बुलेन्स सन्चालक समितिले समाधान गर्न नसकेको विवादहरु गाउँ कार्यपालिकाको बोर्डको निर्णयबाट समाधान गरिनेछ ।

**१२. भाडामा दिन सकिने :**

१. गाउँपालिकाले कुनै व्यक्ति वा संस्थालाई एम्बुलेन्स सञ्चालन गर्न दिन उपयुक्त देखिएमा एम्बुलेन्स सन्चालक समितिको सिफारिस गरेको अवस्थामा गाउँ कार्यपालिकाको बोर्ड बैठकको निर्णय गरि एम्बुलेन्स भाडामा प्रयोग गर्न दिन सकिनेछ ।

२. गाउँ कार्यपालिकाको वोर्ड बैठकले आवश्यक देखेमा सन्चालक समितिको सिफारिस नभएपनि एम्बुलेन्स भाडामा दिन सक्नेछ ।

३. उपदफा (१) बमोजिम एम्बुलेन्स भाडामा दिदाँ प्रति दिन वा महिनाको भाडा दर तथा अन्य सर्तहरु गाउँपालिकाको बोर्डले निर्धारण गरिदिए बमोजिम हुनेछ ।

**१३. एम्बुलेन्स रहने स्थान र सोको मर्मत संभारः**

१. दफा ४ को उपदफा १ बमोजिम सञ्चालन हुने एम्बुलेन्सको हकमा आमाछोदिङमो गाउँपालिका वार्ड नं .. मा रहेको .......................अस्पताल/ स्वास्थ्य चौकीमा र दफा ४ को उपदफा २ बमोजिम सञ्चालन हुने एम्बुलेन्सको हकमा सम्बन्धित संस्थाको हातामा रहनेछ ।

२. एम्बुलेन्सको नियमित मर्मत संभार गर्ने जिम्मेबारी चालकको हुनेछ र मर्मत गर्नु पर्ने भएमा बढीमा महिनामा रु ५०००।- सम्मको इस्टीमेट अनुसारको मर्मत दफा ४ को उपदफा (१) वा

आमाछोदिङमो स्थानीय राजपत्र

CamScanner

(२) बमोजिमको समितिको निर्णयानुसार हुनेछ । सो भन्दा बढीको मर्मत भएमा उक्त समितिको सिफारीसमा दफा ३ को समितिले निर्णय गरे बमोजिम हुनेछ ।

३. एम्बुलेन्स चालु अवस्थामा राख्ने जिम्मेवारी चालकको हुनेछ ।

**१४. विविध :**

१. एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधिका विवरण अनुसुची (३) बमोजिम हुनेछ ।

२. एम्बुलेन्समा सवार विरामी, विरामीका आफन्त तथा स्वास्थ्यकर्मीका विमाका दायित्व सेवाग्राही स्वयंको हुनेछ ।

३. यस निर्देशिकामा आवश्यकता अनुसार संशोधन गाउँकार्यपालिकाले गर्नेछ ।

आमाछोदिङमो स्थानीय राजपत्र

CS CamScanner

अनुसूची १

(दफा ६ को उपदफा १ बमोजिम)

एम्बुलेन्स सेवा शुल्क

आमाछोदिङमो गाउँपालिका अन्तर्गत सञ्चालित एम्बुलेन्स सेवा शुल्क रसुवा जिल्ला एम्बुलेन्स व्यवस्थापन समितिले निर्धारण गरे बमोजिम यस गाउँपालिकाको आर्थिक ऐन बमोजिम हुनेछ

नोटः-

१) आमाछोदिङमो गाउँपालिकामा स्थायी बसोबास भएका ज्येष्ठ नागरिक र क र ख वर्गमा पर्ने अपाङ्ग नागरिकलाई एक तर्फी शत प्रतिशत छुटसहितको सेवा ।

२) आमाछोदिङमो गाउँपालिकामा स्थायी बासिन्दा भएका असहाय र विपन्न वर्गका नागरिकहरुलाई जिल्ला दररेटमा तोकिएको सवारी साधनको भाडा रकममा ७५ प्रतिशत छुट सहितको सेवा ।

३) आमाछोदिङमो गाउँपालिकामा स्थायी बसोबास भएका सम्पूर्ण नागरिकलाई जिल्ला दररेटमा तोकिएको सवारी साधनको भाडा रकममा ५० प्रतिशत छुट सहितको सेवा ।

४) आमाछोदिङमो गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत कार्यालयका सम्पूर्ण कर्मचारी वडामा रहेका वडा कार्यालयका ) कर्मचारीहरु, स्वास्थ्य चौकीका कर्मचारीहरु र विद्यालयका

आमाछोदिङमो स्थानीय राजपत्र

CamScanner

सम्पूर्ण कर्मचारीहरु समेतलाई जिल्ला दररेटमा तोकिएको ( सवारी साधनको भाडा रकममा २५ प्रतिशत छुटसहितको सेवा ।

## अनसुची २

(निर्देशिकाको दफा ७ को उपदफा (संग सम्बन्धीत (४)

## एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता

१. एम्बुलेन्स सञ्चालन निर्देशिका, २०८१ लाई पुर्णतः पालना गर्नुपर्ने,

२. आफनो पेशागत भुमिका निर्वाह गर्ने क्रममा इमान्दारिता र विश्वसनीयता कायम गर्दै आफनो पेशाका मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने,

३. मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउन नहुने,

४. बिरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा बिरामी तथा बिरामीका परिवारलाई सधै सम्मान पुर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्ने,

५. आफैले लिएका निर्णयहरूमा आफनै व्यक्तिगत रूपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने,

६. आफनो पेशागत दक्षता सुधार गर्दै लैजानुको साथ आफैमा

आमाछोदिङमो स्थानीय राजपत्र

CamScanner

भएका पेशागत दक्षता आफनो क्षेत्रका अरूलाई पनि सिकाउनु पर्ने,
७. कुनै पनि बिरामीलाई ओसारपसार गर्नु अघि उसका बारेमा प्राप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने,
८. बिरामीलाई बिच बाटोमा अलपत्र हुने गरी छाडन् नहुने,
९. आफनो कामको सिलसिलामा पाएको कुनै पनि सूचना गोप्य राख्नुपर्ने तथा विरामीहरूबाट पाएको जानकारी तेस्रो पक्षलाई खोल्न नहुने तर कानुनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीको सेवामा आवश्यक परेमा त्यस्तो सुचना बारेमा जानकारी दिन सक्ने,
१०. अस्पताल पूर्व सेवा,एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मद्दत पुग्याउने पर्ने,
११. आफुले उचित देखेका बिरमीको गुणस्तरीय सेवामा प्रभाव पार्ने राम्रो पक्षहरूको जानकारी आफूतो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई जानकारी दिनुपर्ने,
१२. नेपाल सरकारले प्रतिवन्ध लगाएका बस्तुहरू ओसार पसार नगर्ने । प्रचलित कानुनको पालना गर्नुपर्ने र त्यस्तो गरेमा नेपाल सरकारको ऐन नियम अनुसार स्वंय सजायको भाग्यदारी हुने,
१३. एम्बुलेन्स चलाउनु अघि र गन्तव्यमा पुगेपछि चालकले एम्बुलेन्स संयोजकलाई अनिवार्य रुपमा जानकारी गराउनु पर्ने,
१४ एम्बुलेन्स मर्मत गर्नु पर्ने भएमा वा बिग्रेमा .तत्काल एम्बुलेन्स संयोजकलाई जानकारी गराउनु पर्ने,
१५प्रमुख प्रशासकीय अधिकृतको प्रमाणित दस्तखत सहितको .

आमाछोडिङमो स्थानीय राजपत्र

CamScanner

मर्मत आदेश विना एम्बुलेन्स मर्मत गर्न नहुने अन्यथा त्यसको चालकले लिनु पर्ने भएको दायित्वको जिम्मेवारी स्वयं कार्यवाट, म.........................................ठेगाना.....................................ना.प्र.प. न.............................जारी मिति...................................

जिल्ला......................डाइभिङ्ग लाइसेन्स नं.................................जारी मिति ................................ ले माथिको उल्लेखित आचार संहिता... जिल्ला अध्ययन गरेको छु । रसुवा जिल्ला आमाछोदिङमो गाउँपालिकाको एम्बुलेन्स चलाउँदा मैले यो आचार संहिता पूर्ण रूपमा पालना गर्न सहमति जनाई सही छाप गरेको छु ।

रोहबरमा प्रमाणित गर्ने व्यक्तिको:

दस्तखत :

नामः

पदः

मितिः

कार्यालय छापः

चालकको:

दस्तखतः

नामः

मितिः

(निर्देशिकाको दफा ९ का उपदफा १ सँग सम्बन्धित

"ख "वर्गको )Common Life Support (CLS)) एम्बुलेन्समा हुनुपर्ने औषधी र उपकरणको विवरण

| Emergency Equipment | | Medicine | Others |
|---|---|---|---|
| 1. Stethoscope<br><br>2. B.P set<br><br>3. Torch Light<br><br>4. Tongue Depressure<br><br>5. IV Drips<br><br>6. Cannula and Syringes<br><br>7. ECG monitor oxygen monitor and<br><br>8. Intubation set | 13. Cervical collars<br><br>14. CPR board<br><br>15. Oxygen supply<br><br>16. Automated external defibrillator (AED)<br><br>17. Delivery set<br><br>18. Dressing Set<br><br>19. Splints<br><br>20. Catheterizations sets | | Washing Equipment<br><br>Wheelchair & trolley<br><br>Radio communication<br><br>Two-way video consultation device<br><br>Mobile device with 4G connectivity'<br><br>Willkie Talkie<br><br>Camera<br><br>GPS |

आमाछोडिङमो स्थानीय राजपत्र

CamScanner

| | | | |
|---|---|---|---|
| 9. Various intubation tubes and laryngeal tubes<br><br>10. Nebulizer set<br><br>11. Ambu bag<br><br>12. Manual suction set | 21. Hemostatic sets | | (Geographical Positioning System) |

आमाछोदिङमो स्थानीय राजपत्र

आज्ञाले

विकास शर्मा रिजाल

प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिकाबाट स्वीकृत मितिः २०८२।१२।२७

प्रमाणिकरण मितिः २०८२।१२।२७

CS CamScanner